**मण्डनदेउपुर नगरपालिका**

स्थानीय राजपत्र

खण्ड ४ मण्डनदेउपुर, मंसिर ५ गते, २०७७ साल संख्या ७

# भाग २

मण्डनदेउपुर नगरपालिका

# उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधी, २०७४ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट पारित मितिः २०७७/०७/२६
प्रमाणित मितिः २०७७/०८/०४

**प्रस्तावनाः**

उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले मण्डनदेउपुर नगरपालिकाको नगर कार्यपालिकाले देहायका कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम **उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि २०७७**रहेको छ। (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

## २. उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि, २०७४ को परिभाषामा संशोधनः

उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि, २०७४ (यस पछि “कार्यविधि” भनिएको) को बुँदा नं. २ को (ङ) पछि देहायको खण्ड (च) र (छ) थप गरिएको छ :

(च) “व्यवसाय” भन्नाले बुँदा नं. ५ मा उल्लेख गरिएका तथा समय समयमा नगरपालिका तथा नगरसभाबाट पारित गरिएका व्यवसाय वा नगरसभाबाट पारित आर्थिक ऐनमा उल्लेख गरिएका व्यवसाय समेतलाई जनाँउदछ।

(छ) “कार्यविधि” भन्नाले मण्डनदेउपुर नगरपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, संचालन र नियमन सम्बन्धी कार्यविधि, २०७४ (संशोधन सहित) लाई जनाँउदछ।

## ३. कार्यविधिको बुँदा नं. ३ मा संशोधनः

कार्यविधिको बुँदा नं. ३ पछि देहायको खण्ड ३(क), ३(ख), ३(ग), ३(घ), ३(ङ), ३(च), ३(छ) थप गरिएको छः

**३(क) उद्योग तथा व्यवसाय सुचिकृत सम्बन्धी व्यवस्थाः** अन्य नियामक निकायमा दर्ता भई संचालनमा रहेका तथा नगरपालिकाको प्रारम्भ हुनुअघि नियमानुसार दर्ता प्रमाण पत्र प्राप्त पसल तथा उद्योग व्यवसायहरुलाई नगरपालिकाले व्यवसाय सुचिकृतको व्यवस्था गर्नेछ। सुचिकृत गरिने उद्योग व्यवसायको प्रमाणपत्र अनूसूची २ बमोजिम हुनेछ।

३(ख) मण्डनदेउपुर नगरपालिका भित्र संचालन गरिने उद्योग व्यवसायको दर्ता तथा सुचीकृत गरी प्रमाणपत्र दिने र नविकरण गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारीलाई हुनेछ तर उद्योगको दर्ता तथा सुचीकृत नगरप्रमुखको संयोजकत्वमा गठित नगरस्तरीय अनुगमन समितिको सिफारिस प्रतिवेदनको आधारमा गर्नुपर्नेछ।

३(ग) नगरपालिका भित्र पेट्रोलपम्प तथा पेट्रोलियम पदार्थको व्यवसाय संचालनका लागि चाहिने पूर्वाधार अनुसूची ४ मा उल्लेख गरिए अनुसार हुनेछ ।

३(घ) नगरपालिका भित्र पानी तथा जुस उद्योग संचालनका लागि चाहिने पूर्वाधार अनुसूची ५ मा उल्लेख गरिए अनुसार हुनेछ ।

३(ङ) नगरपालिका भित्र फलफूल तथा फलफूल जन्य पदार्थको घरेलु उद्योग संचालनका लागि चाहिने पूर्वाधार अनुसूची ६ मा उल्लेख गरिए अनुसार हुनेछ ।

३(च) नगरपालिका भित्र चिसोपेय पदार्थको उद्योग संचालनका लागि चाहिने पूर्वाधार अनुसूची ७ मा उल्लेख गरिए अनुसार हुनेछ ।

३(छ) कार्यविधिको ३(ग), ३(घ), ३(ङ) र ३(च) को प्रावधान अनुसारको पूर्वाधार पूरा गरे नगरेको नगरप्रमुखको संयोजकत्वमा गठित नगरस्तरीय अनुगमन समितिले एकिन गरी सफारिस गर्नेछ । तोकिएको पूर्वाधार पूरा भएको देखिएमा नगर प्रमुखको स्विकृति लिई प्रमुख प्रशासकीय अधिकृतले उद्योग संचालनको दर्ता, सूचिकृत तथा नविकरण गरी संचालनको अनुमति तथा इजाजत दिनेछ ।

## ४. कार्यविधिको बुँदा नं. ५ मा संशोधनः

कार्यविधिको बुँदा नं. ५ को देहायका खण्ड तथा बुँदाहरुमा देहाय अनुसारका बुँदाहरु थप गर्नेः

***प्राकृतिक श्रोत उत्खनन गर्ने, प्रयोग गरि बस्तु र सेवा प्रवाह गर्ने* उद्योग** खण्डमा “ढुङ्गा खरिद बिक्री, ग्रावेल उत्पादन तथा बिक्री, नदीजन्य पदार्थमा आधारित निर्माण सामग्री खरिद, बिक्री तथा आपूर्ति, माटो तथा माटोजन्य पदार्थ संकलन तथा बिक्री”

***सेवा प्रवाह व्यवसाय वर्गीकरण* खण्डमा** “लज, गेष्ट हाउस, होमस्टे, यातायातसँग सम्बद्ध व्यवसाय”

***दैनिक उपभोग्य बस्तुको उत्पादन तथा बिक्री* खण्डमा** “खाद्यान्न उत्पादन तथा बिक्री, इन्धन (खाना पकाउने ग्यास), भाँडा वर्तन, इलेक्ट्रीकल तथा इलेक्ट्रोनिक सामान उत्पादन बिक्री तथा मर्मत, जुत्ता-चप्पल उत्पादन तथा बिक्री”

***मेसिनरि सामान निर्माण, मर्मत र बिक्री वितरण*** **खण्डमा** "वर्कशप, मेशिनरी तथा औद्योगिक सामग्री र सो को पाटपूर्जा उत्पादन तथा बिक्री गर्ने"

***मानव तथा जैविक स्वास्थ्य*** **खण्डमा** "फार्मेसी, औषधीजन्य पसल तथा औषधीजन्य उद्योग, ल्याब, नर्सिङ होम"

***इन्धन प्रशोधन तथा बिक्री वितरण*** **खण्डमा** "पेट्रोल पम्प, वायोग्याससँग सम्बन्धित व्यवसाय, सोलार तथा वैकल्पिक उर्जासँग सम्बन्धित व्यवसाय"

**सिलाई कटाई शैलुन खण्ड पछि देहायको खण्ड थप गर्ने :**

***"शैक्षिक सामग्री तथा छापाखानासँग सम्बन्धित:*** स्टेशनरी, खेलौना तथा खेल सामग्री उत्पादन तथा बिक्री, पुस्तक पसल, छापाखाना तथा प्रिन्टिङसँग सम्बन्धित व्यवसाय ।

***प्रविधिसँग सम्बन्धित:*** "इन्टरनेट, केवल, साइवर व्यवसाय, अनलाईन व्यापार, कम्प्युटरसँग सम्बन्धित उद्योग तथा व्यवसाय"

**५. कार्यविधिको अनुसूची २ मा संशोधन:**

कार्यविधिको अनुसूची २ मा रहेका "उद्योग/व्यवसाय दर्ता" भन्ने शब्दहरुको सट्टा "उद्योग/व्यवसाय दर्ता/सुचिकृत" र "दर्ता" भन्ने शब्दहरुको सट्टा "दर्ता/सुचिकृत" भन्ने शब्दहरु राखिएका छन् ।

**६. कार्यविधिको अनुसूची ३ पश्चात अनुसूची ४, ५, ६ र ७ थप:**

कार्यविधिको अनुसूची ३ पश्चात देहायको अनुसूची ४, अनुसूची ५ ,अनुसूची ६ र अनुसूची ७ थप गरिएको छ:

## अनुसूची ४
## मण्डनदेउपुर नगरपालिका भित्र पेट्रोल पम्प तथा पेट्रोलियम पदार्थको व्यवसाय गर्न चाहिने पूर्वाधारहरु

**(कार्यविधिको बुँदा नं. ३(ग) सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १ | जग्गा तथा क्षेत्रफल | कम्तिमा ५ रोपनी |
| २ | सडक तर्फको मोहडा | ३५ मिटर |

| | | |
|---|---|---|
| ३ | बिक्री स्थल पेभमेन्ट | Approach Yard तथा Parking Area Finishing Blacktop, Concrete वा Interlocking Concrete Tiles ले Finishing गरेको हुनुपर्ने |
| ४ | सिमानाको पर्खाल ( Built Up Level) बाट | पम्पयार्डको ३ तर्फः १.२ मि अग्लो सिमेन्ट जोडाईको पर्खाल लगाई ०.९ मि अग्लो चेनलिङ्क फेन्सिङ |
| ५ | रिफ्युलिङ्ग जोनको सेड | १० मि. *२० मि. *६.५ मि. Mild Steel Structure को Fire Resistant False Ceilling सहितको Canopy |
| ६ | सर्फेस ड्रेनेज | आकाशे पानीको निकास र Grease Sump सहितको पानीको निकास हुनुपर्ने |
| ७ | कर्व स्टोन एजिङ्ग | स्टोरेज टैंक, फिलिङ्ग प्वाइन्ट, फायर सेफ्टी टुल्स रहेको स्थानमा २० सेमि अग्लो Concrete Road Safety कर्व स्टोनले बार्नुपर्ने |
| ८ | स्क्रिन वाल | Underground Storage Tank र शौचालयको विचमा २ मि अग्लो |
| ९ | वफर स्ट्राइप | सडक विभागको मापदण्ड बमोजिम बनाई विचमा फुल विरुवा र अगाडिको भागमा कम्तिमा ५ वटा सदावहार रुखका विरुवा लगाउनुपर्ने |
| १० | डिस्पेन्सिङ्ग पम्प | प्रचलित कानून बमोजिम मूल्य र आयतन देखिने डिजिटल बोर्ड सहितको |
| ११ | अर्थ पिट | सबै मेशिन उपकरण ग्रिडमा अर्थिङका लागि अर्थ पिट तयार गर्नुपर्ने |
| १२ | अग्नी सुरक्षा | Stored Pressure Trolley Type 50-70 KG DCP - २ थान, Stored Pressure 10kg DCP ABC Type-८ थान, २००० लि. क्षमताको PVC Water Storage Tank-१, १० लि. क्षमताको बालुवा भरेको बाल्टिन एउटा Stand सहित-८ थान, खन्ने पिक Stand सहित - ४ थान, सावेल Stand सहित - ४ थान रहेको Fire Retardant System |
| १३ | जेनेरेटर र स्टोरेजको दुरी | कम्तिमा १० मि. |
| १४ | शौचालय (कम्तिमा) | पुरुषको लागि - २, महिलाको लागि - २, अपाङ्गमैत्री- १ र ४ वटा युरिनल सहितको शौचालयका पूर्वाधार |
| १५ | जानकारीमूलक सन्देश | विक्रेताको नाम, मूल्य सूची, होडिङ बोर्ड तथा मास्टर प्लान र लेआउटको नक्सा राखेको हुनुपर्ने |
| १६ | अन्य | • खानेपानी, विश्राम गरि Snacks खाने तथा खरिदका |

| | | |
|---|---|---|
| | | लागि बिक्री कक्ष र हावा भर्ने तथा सामान्य मर्मत सेवा ।<br>● स्वीकृत लेआउट बमोजिमको संरचना तयार गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गराउनुपर्नेछ ।<br>● नगरपालिकाबाट स्वीकृति लिँदा जनशक्तिको विवरण पेश गर्नुपर्नेछ र नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रमिक दिनुपर्ने व्यवस्थाको सुनिश्चितता ।<br>● श्रम ऐन विपरित कामदार नराख्ने, काममा नलगाउने र बालश्रमिक नराख्ने प्रतिवद्धता ।<br>● अन्य प्रचलित ऐन कानून बमोजिम हुनुपर्ने । |

## अनुसूची ५

# मण्डनदेउपुर नगरपालिका भित्र पानी तथा जुस उद्योग संचालनका लागि चाहिने पूर्वाधार

**(कार्यविधिको बुँदा नं. ३(घ) सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १ | जग्गा तथा क्षेत्रफल | कम्तिमा ५० रोपनी |
| २ | घना बस्तीबाटको दुरी | कम्तिमा ३०० मि. |
| ३ | ऐतिहासिक महत्वका मठ-मन्दिर, अस्पताल, विद्यालय क्षेत्रबाटको न्यूनतम दुरी | ३०० मि. |
| ४ | वन क्षेत्र/राष्ट्रिय निकुञ्ज आदिबाट न्यूनतम दुरी | ३०० मि. |
| ५ | पानी उद्योगको हकमा दुरी | सोहि प्रकृतिको अर्को उद्योगबाट १०० मि. |
| ६ | सिमानाको पर्खाल/कम्पाउण्ड वाल | पक्की पिलर सहित १.२५ मि. वाल र बढीमा १ मि. अग्लो जाली |
| ७ | उद्योगको डिजाइन, कक्षहरुको निर्माण र मेशिनरी जडान | One Way Flow System अनुसार निर्माण हुनुपर्ने |
| ८ | प्रशोधन तथा फिलिङ कक्ष | बन्द कक्ष (Enclosed) हुनुपर्ने साथै ५ फिटको उचाइसम्म उज्यालो रङ्गको सफागर्न मिल्ने टाइल लगाउनुपर्ने |

| | | |
|---|---|---|
| ९ | मेशिनरी तथा उपकरण | Food Grade Stainless Steel बाट बनेको मात्र प्रयोग गर्नुपर्ने |
| १० | प्रयोगशालाको व्यवस्था | प्रत्येक व्याचको कम्तिमा पनि pH, TDS, कडापन, फ्री क्लोरीन, आइरन, एमोनिया तथा कोलिफर्म परिक्षणको व्यवस्था हुनुपर्ने |
| ११ | Common Effluent Treatment | दोहोरो प्रदुषण नहुने गरी व्यवस्था हुनुपर्ने |
| १२ | गुणस्तर व्यवस्थापन सम्बन्धी व्यवस्था | ISO 9001:2015 वा सो सरह हुनुपर्ने र गुणस्तर विभागको सिफारिस पेश गर्नुपर्नेछ । |
| १३ | फोहोरमैला एवं वातावरणीय व्यवस्थापन सम्बन्धी व्यवस्था | ISO 14001:2015 वा सो सरह हुनपर्ने |
| १४ | वातावरण संरक्षणको व्यवस्था | सदावहार रुख विरुवा र फूलबारी निर्माणको लेआउट डिजाइन भएको हुनुपर्ने |
| १५ | अन्य | • स्वीकृत लेआउट बमोजिमको संरचना तयार गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट नक्शा पास गराउनुपर्नेछ ।<br>• नगरपालिकाबाट स्वीकृति लिँदा जनशक्तिको विवरण पेश गर्नुपर्नेछ र नेपाल सरकारबाट तोकिएको न्यूनतम परिश्रमिक दिनुपर्ने व्यवस्थाको सुनिश्चितता ।<br>• श्रम ऐन विपरित कामदार नराख्ने, काममा नलगाउने र बालश्रमिक नराख्ने प्रतिवद्धता ।<br>• अन्य प्रचलित ऐन कानून बमोजिम हुनुपर्ने । |

## अनुसूची ६
## मण्डनदेउपुर नगरपालिका भित्र फलफूल तथा फलफूल जन्य पदार्थको घरेलु उद्योग संचालनका लागि चाहिने पूर्वाधार
**(कार्यविधिको बुँदा नं. ३(ङ) सँग सम्बन्धित**

| क्र.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १ | जग्गा तथा क्षेत्रफल | कम्तिमा २ रोपनी |
| २ | सडकक्षेत्रको किनाराबाट भौतिक संरचनाको सेटव्याक | कम्तिमा ३ मि. |
| ३ | ऐतिहासिक महत्वका मठ-मन्दिर, अस्पताल, विद्यालय क्षेत्रबाटको न्यूनतम दुरी | १०० मि. |

| | | |
|---|---|---|
| ४ | वन क्षेत्र/राष्ट्रिय निकुञ्ज आदिबाट न्यूनतम दुरी | २५ मि. |
| ५ | कम्पाउण्ड वाल | भवन मापदण्ड अनुसारको |
| ६ | उद्योगको डिजाइन, कक्षहरुको निर्माण र मेशिनरी जडान | One Way Flow System अनुसार निर्माण हुनुपर्ने |
| ७ | उत्पादन कक्ष | सफा र स्वास्थ्यवर्द्धक झ्याल, ढोका खुला हुने गरी बनाउन पर्ने |
| ८ | मेशिनरी तथा उपकरण | Food Grade Stainless Steel बाट बनेको मात्र प्रयोग गर्नुपर्ने |
| ९ | प्रयोगशालाको व्यवस्था | प्रत्येक व्याचको कम्तिमा पनि pH, TDS कडापन, फ्री क्लोरीन, आइरन, एमोनिया तथा कोलिफर्म परिक्षणको व्यवस्था हुनपर्ने |
| १० | Common Effluent Treatment | दोहोरो प्रदुषण नहुने गरी व्यवस्था हुनुपर्ने |
| ११ | अन्य | • नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रमिक दिनुपर्ने व्यवस्थाको सुनिश्चितता ।<br>• श्रम ऐन विपरित कामदार नराख्ने, काममा नलगाउने र बालश्रमिक नराख्ने प्रतिवद्धता ।<br>• अन्य प्रचलित ऐन कानून बमोजिम हुनुपर्ने । |

**अनुसूची ७**

**मण्डनदेउपुर नगरपालिका भित्र चिसोपेय पदार्थको उद्योग संचालनका लागि चाहिने पूर्वाधार**

**(कार्यविधिको बुँदा नं. ३(च) सँग सम्बन्धित)**

| क्र.सं. | विवरण | मापदण्ड |
|---|---|---|
| १ | जग्गा तथा क्षेत्रफल | कम्तिमा ७५ रोपनी हुनुपर्ने |
| २ | घनावस्तीबाट न्यूनतम दुरी | १ कि.मि. |
| ३ | ऐतिहासिक महत्वका मठ- | १ कि.मि. |

| | | |
|---|---|---|
| | मन्दिर, अस्पताल, विद्यालय क्षेत्रबाट न्यूनतम दुरी | |
| ४ | वन क्षेत्र/राष्ट्रिय निकुञ्ज आदिबाट न्युनतम दुरी | ३०० मि. |
| ५ | भौतिक संरचना निर्माण | • Compound Wall बाट १५ फिट दुरीमा मात्र प्रशोधन लगायतका अन्य कक्ष निर्माण गर्नु पर्ने ।<br>• नगरपालिकाबाट नक्शा पास भएको हुनुपर्ने ।<br>• प्रचलित भवन मापदण्ड अनुसारको हुनुपर्ने । |
| ६ | उद्योगको डिजाइन, कक्षहरुको निर्माण र मेशिनरी जडान | One Way Flow System अनुसार निर्माण हुनुपर्ने |
| ७ | प्रशोधन तथा फिलिङ कक्ष | बन्द कक्ष (Enclosed) हुनुपर्ने साथै ५ फिटको उचाइसम्म उज्यालो रङ्गको सफा गर्न मिल्ने टाइल लगाउनुपर्ने । |
| ८ | मेशिनरी तथा उपकरण | Food Grade Stainless Steel बाट बनेको मात्र प्रयोग गनुपर्ने |
| ९ | प्रयोगशालाको व्यवस्था | प्रत्येक व्याचको कम्तिमा पनि pH, TDS, कडापन, फ्री क्लोरीन, आइरन, एमोनिया तथा कोलिफर्म परिक्षणको व्यवस्था हुनुपर्ने |
| १० | Common Effluent Treatment | दोहोरो प्रदुषण नहुने गरी व्यवस्था हुनुपर्ने |
| ११ | गुणस्तर व्यवस्थापन सम्बन्धी व्यवस्था | ISO 9001:2015 वा सो सरह हुनुपर्ने र गुणस्तर विभागको सिफारिस पेश गर्नुपर्नेछ । |
| १२ | फोहोरमैला एवं वातावरणीय व्यवस्थापन सम्बन्धी व्यवस्था | ISO 14001:2015 वा सो सरह हुनपर्ने |
| १३ | अन्य | • स्वीकृत लेआउट बमोजिमको संरचना तयार गर्दा अनिवार्य रुपमा |

| | | |
|---|---|---|
| | | नगरपालिकाबाट नक्शा पास गराउनुपर्नेछ ।<br>● नगरपालिकाबाट स्वीकृति लिँदा जनशक्तिको विवरण पेश गर्नुपर्नेछ र नेपाल सरकारबाट तोकिएको न्यूनतम परिश्रमिक दिनुपर्ने व्यवस्थाको सुनिश्चितता ।<br>● श्रम ऐन विपरित कामदार नराख्ने, काममा नलगाउने र बालश्रमिक नराख्ने प्रतिवद्धता ।<br>● प्रचलित ऐन कानून बमोजिम हुनुपर्ने । |

आज्ञाले,
प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत